नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**सीमाक्षेत्र विकास कार्यक्रम**

सिंहदरबार, काठमाडौं

(केन्द्रीय आयोजना कार्यालय, भक्ति मार्ग, नयाँ बानेश्वर, काठमाण्डौ)

# प्रान्तीय अनुगमन तथा मूल्यांकन विज्ञ (इन्जिनियर) परामर्श सेवामा लिनेसम्बन्धी सूचना

(सुचना प्रकाशित मिति :२०७३/७/१८)

यस मन्त्रालयको सीमाक्षेत्र विकास कार्यक्रमका लागी प्रान्तीय ईकाइमा रहने गरी अनुगमन तथा मुल्यांकन बिज्ञको रुपमा प्रत्येक क्षेत्रमा एक एक जनाका दरले जम्मा ३ (तीन) जना ईन्जिनियर परामर्शदाता प्रतिपस्पर्धात्मक प्रक्रियाबाट परामर्श सेवामा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्घ्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पाठ्यक्रम, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण देहाय बमोजिम रहेको छ । कृपया यस विषयमा टेलिफोन वा संचार सम्पर्क नगर्नु हुन जानकारी गराईन्छ ।

१. **कार्य अवधि र इकाइः** प्रान्तीय अनुगमन तथा मुल्यांकन विज्ञ (इन्जिनीयर) लाई शुरुमा १ (एक) वर्ष अवधिको लागि परामर्श सेवामा लिने र निजको कार्यसम्पादन मूल्यांकन अनुसार सालबसाली म्याद थप हुन सक्ने । साथै यदी कसैले करार अन्त गरेमा योग्यताक्रम अनुसारको अन्य व्यक्तिलाई दूई वर्ष भित्र परामर्श सेवामा लिन सकिने । संझौता गरी काम शुरु गरेको कम्तीमा ६ महिना पश्चात परामर्श सेवा अन्त गर्न चाहेमा कम्तीमा ३ (तीन) महिना अगावै लिखित रुपमा मन्त्रालयमा निवेदन दिन सकिनेछ ।

प्रान्तीय इकाइको कार्यालयहरु विराटनगर, चितवन र दाङमा रहनेछ ।

**२.शैक्षिक योग्यता र अनुभवः**

१. नेपाल सरकारवाट मान्यता प्राप्त विश्वविद्यालयवाट Civil Engneering मा स्नातक (B.E.) र कुनै सम्बद्ध विषयमा स्नातकोत्तर गरेको ।

२. अनुभवको हकमा B.E. उतीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा ४(चार) वर्षको कार्य अनुभव भएको ।

३. नेपाली नागरिक ।

४. २५ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

५. नेपाल इन्जिनियरिंग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. **पारिश्रमिक र दैनिक भ्रमण भत्ता:**

- **पारिश्रमिक:** मासिक न्यूनतम पारिश्रमिक रु. ६८,४२५।- (अक्षरेपी रु. अठसठ्ठी हजार चारसय पच्चीस मात्र) उपलब्ध गराउने । पारिश्रमिक भुक्तानी गरिदा नियमानुसार कर कट्टी हुनेछ ।
- **दैनिक भ्रमण भत्ता:** महिनामा कम्तीमा १५ दिन जिल्लाहरुमा भ्रमण गरी प्रतिवेदन दिनुपर्ने र यसका लगि नेपाल सरकारको अधिकृतस्तर सरहको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने । ( हालको दैनिक भ्रमण भत्ता दर रु. १६०० रहेको, यातायातको रकम बाहेक)
- महिनामा कम्तीमा १५ दिन जिल्लाहरु भ्रमण गरी प्रतिवेदन पेश नगरेमा वा घटी दिनको भ्रमण गरी प्रतिवेदन पेश गरेमा भ्रमण नगरेको दिनको दामासाहीले न्यूनतम पारिश्रमिक (१५ दिन सम्मको) समेत उपलब्ध नहुने ।

४.**परीक्षण पद्धति** : प्रान्तीय अनुगमन तथा मुल्यांकन विज्ञ (इञ्जिनीयर)को छनौटको लागि लिखित परीक्षा र अन्तरवार्ता माध्यमबाट हुनेछ । परीक्षाका सम्बन्धमा देहायका विधिहरु अवलम्बन गरिनेछ:

- निवेदन दिएका मध्ये योग्यता पुगेका उम्मेदवारको छनौट (short-listing) गरी निजलाई परीक्षामा समावेश गराइनेछ ।
- लिखित परीक्षाको अंकभार ७० र अन्तर्वार्ताको अंकभार ३० गरी जम्मा १०० पुर्णांक रहने ।
- लिखित परीक्षाको प्रश्नपत्रमा वस्तुगत प्रश्न (Multiple Choice) ५० (पचास) वटा हुने र समय ४५ मिनेटको हुनेछ ।
- लिखित परीक्षाको उतिर्ण अंक ४० प्रतिशत कायम गर्ने र उतिर्ण अंक प्राप्त गर्नेलाई मात्र अन्तर्वातामा सहभागी गराउने ।
- अन्तर्वार्तालाई दूइ भागमा विभाजन गरी २० अंकको मौखिक परीक्षण तथा सम्वन्धित उम्मेदवारवाट तयार गरिएको कार्यविवरण अनुसारको काम गर्ने पद्धति तथा कार्यशैली (Working approach and methodoly) लेखन गरी प्रस्तुत गरे वापत १० अंक प्रदान गर्ने । अन्तर्वार्ताको क्रममा शैक्षिक योग्यता तथा अनुभवलाई समेत निश्चित प्रतिशत अंकभार दिइनेछ ।

५. **पाठ्यक्रम सम्वन्धमा** :- यसैसाथ अनुसूची-२ मा संलग्न छ ।

६. **परीक्षासम्बन्धी मिति :** पदपुर्तिका लागि राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित भएको मितिले १६ औं दिन २०७३ मंसिर ३, शुक्रबार, ११.०० बजे लिखित परीक्षा संचालन गरिनेछ तथा सो को भोलिपल्ट लिखित परीक्षामा उर्तीण भएकाको नामावली वेवसाइटमा सूचना प्रकाशन गरी अन्तर्वार्ताको समय समेत सोही सूचनामा जानकारी गराउने र १८ औं दिनमा अन्तर्वार्ता हुनेछ । कुनै दिनमा सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिनमा हुनेछ ।

७. **लिखित परीक्षा केन्द्र:** लिखित परीक्षा काठमाण्डौ जिल्ला विकास समितिको हल, बबरमहलमा संचालन हुनेछ । परीक्षाको दिन प्रवेश पत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ । प्रवेशपत्र विना परीक्षा हलमा प्रवेश गराइने छैन् ।

८.**दरखास्तमा संलग्न गर्नुपर्ने:** अनुसूची ३ बमोजिमको फाराम वेवसाइटबाट डाउनलोड गरी सोही फाराम भरी निम्नलिखित कागजात संलग्न हुनुपर्नेछ:

- उम्मेदवारको व्यक्तिगत विवरण (Bio-Data)

- शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- अनुभवको प्रमाणित प्रतिलिपि
- नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि
- दरखास्त दस्तुरः रु. १,०००।- (एक हजार) । दस्तुर एभरेष्ट बैंक लिमिटेडको सिंहदरवार, नयाँ बानेश्वर वा अन्य कुनै शाखामा यस मन्त्रालयको खाता नं. ५२०१३६५, कोड नं. २७-३६५११ मा रकम बुझाएको सक्कल भौचर ।
- अन्तवार्ताको क्रममा सक्कल प्रमाणपत्रहरु लिई आउनुपर्नेछ ।

(पुनश्चः पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ)

९. **संझौता र कार्य शुरु गर्नुपर्ने मितिः** परीक्षण क्रममा उच्चतम अंक प्राप्त गर्ने उम्मेदवार र मन्त्रालयबीच परामर्श सेवाको संझौता अन्तिम नतिजा प्रकाशन भएको मितिले १(एक) हप्ता भित्र सम्पन्न गर्नुपर्नेछ र कार्य आरम्भ गर्नुपर्नेछ । यदी सो मिति भित्र संझौता गर्न नआएमा योग्यताक्रममा रहेका अन्य उम्मेदवारसँग संझौता गरिनेछ ।

१०. **दरखास्त दर्ताः** दरखास्त फाराम मन्त्रालयको सीमाक्षेत्र विकास कार्यक्रम (भूइ तल्ला) वा केन्द्रीय आयोजना कार्यालय, नयाँ बानेश्वर (भक्तिमार्ग), (टेलिफोन नं. ४४८९५७७) मा दरखास्त दिने अन्तिम मितिको दिनको २:०० बजे भित्र वुझाउने ।

**अनुसूचीहरु**

- कार्य-विवरण - अनुसूची - १ ।
- पाठयक्रम - अनुसूची - २ ।
- दरखास्त फाराम- अनुसूची - ३ ।

**भूल सुधारः मिति २०७३ कार्तिक १८, बिहीवारको *गोरखापत्र दैनिक*को पृष्ठ १० मा प्रकाशित दरखास्त आब्हानको सूचनाको विवरणमा "सूचना प्रकाशित मिति २०७३।७।१८" हुनुपर्नेमा अन्यथा भएकोले सच्याईएको छ ।**

अनुसूची - १

## प्रान्तीय अनुगमन तथा मूल्यांकन विज्ञ (इन्जिनियर) को कार्य विवरण (Terms of Reference)

कार्यक्रम-निर्देशकको अधिनमा रही *प्रान्तीय अनुगमन तथा मूल्यांकन विज्ञ (इन्जिनियर)* लाई निर्धारित क्षेत्र (जिल्लाहरु) तोकिएको प्रान्तीय इकाइमा रही सीमाक्षेत्र विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सहजीकरण र स्थलगत रुपमा भ्रमण गरी सघन अनुगमन तथा मूल्यांकनका लागि कार्य जिम्मेवारीहरु देहाय बमोजिम हुनेछ :

- कार्यक्रमको तर्कवद्ध खाका (Logical Framework) मस्यौदा गरी पेश गर्ने र स्वीकृत भएबमोजिम कार्यान्वयनमा सहजीकरण तथा अनुगमन गर्ने ।
- कार्यक्रम संचालन भएका जिल्लाको वार्षिक कार्यतालिका (Yearly Work-Schedule) तथा बार्षिक खरिद योजना (Annual Procurement Plan) तयार गर्न सहयोग गर्ने र सो अनुरुप कार्यान्वयन तथा खरिद व्यवस्थापन भए नभएको अनुगमन गर्ने ।
- स्थलगत रुपमा कार्यक्रम कार्यान्वयनको समग्र अवस्थाहरु (Input, Process, Output, Outcome and Impact) अवलोकन गरी आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहजीकरण (Technical and Managerial Facilitation) गर्ने तथा मूल्यांकन सहितको प्रतिवेदन पेश गर्ने ।
- जिल्ला विकास समितिको कार्यालयहरुको मासिक, चौमासिक, अर्ध-वार्षिक तथा वार्षिक प्रगति विवरण संकलन तथा विश्लेषण गरी एकीकृत प्रगति विवरण तयार गर्ने ।
- प्रत्येक जिल्लाको वार्षिक एकीकृत प्रगति विवरण प्रकाशन गर्न सहजीकरण गर्ने तथा एकमुष्ठ विवरण केन्द्रीय आयोजना कार्यालयमा पठाउने ।
- जिल्ला विकास समितिहरुलाई राष्ट्रिय योजना आयोगको ढाँचा बमोजिम भौतिक तथा वित्तीय प्रगति विवरण (Physical & Financial Target and Progress) हरु तयार गर्न सहयोग गर्ने र सबै जिल्लाहरुको एकीकृत विवरण तयार पारी केन्द्रीय आयोजना कार्यालयमा समय भित्रै विद्युतीय र प्रिन्ट प्रति उपलब्ध गराउने ।
- कार्यक्रमसँग सम्बद्ध स्थानीय निकायबाट सम्पादित कार्यहरुको अनुगमन गरी मौजुदा कार्यविधि एवं कानूनी प्रावधानको पालना र गुणस्तर (Compliance and Quality) सुनिश्चित गर्ने ।
- कार्यक्रम संचालनका लागि आवश्यक कार्यविधि तथा निर्देशिका तयारी गर्न सहयोग गर्ने ।
- केन्द्रीय आयोजना कार्यालय र प्रान्तीय इकाइलाई आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने ।
- कार्यक्रम संचालन हुने जिल्लामा कार्यरत कार्यक्रम तर्फका जिल्लाका जनशक्तिहरुको कार्यसम्पादन मूल्यांकनमा कार्यक्रम निर्देशकको निर्देशन बमोजिम सहयोग गर्ने ।
- निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरणहरु पालना गर्ने ।
- आफू मातहतका कर्मचारीहरुको सुपरिवेक्षण तथा परिचालन गर्ने ।
- प्रान्तीय इकाइमा उपलब्ध गराइएको साधन स्रोतको मितव्ययी, प्रभावकारी तथा नतिजामूखी कार्यान्वयन गर्ने गराउने ।
- *सीमा क्षेत्र विकास कार्यक्रम संचालन कार्यविधि, २०७२* का विभिन्न समितिहरुलाई सहयोग गर्ने ।
- कार्यक्रमको समीक्षा कार्यमा सहयोग गर्ने ।
- आफूले सम्पादन गरेका कार्यहरुको मासिक/चौमासिक/अर्ध वार्षिक/बार्षिक प्रगति विवरण कार्यक्रम निर्देशक प्रमुख समक्ष पेश गर्ने र आफ्ना काम कारवाहीमा प्रत्यक्ष रुपमा कार्यक्रम-निर्देशक प्रति उत्तरदायी हुने ।
- कार्यक्रमको उद्देश्यनुकुल मन्त्रालय/कार्यक्रम-निर्देशकबाट तोकिएका अन्य कार्यहरु गर्ने गराउने ।

अनुसूची - २

Ministry of Federal Affairs and Local Development

# Border Area Development Program

## Provincial Monitoring and Evaluation Expert (Engineer)

## **Course of Study**

1. Structure Analysis and Design
   - 1.1. Stress and strains, theory of torsion and flexure, moment of inertia.
   - 1.2. Analysis of beams and frames; Bending moment, shear force and deflection of beams and frames, Determinate structure -Energy method three hinged system. Indeterminate structure-slope deflection method and moment distribution method, se of influence line diagram for simple beams unit load method.
   - 1.3. Reinforced concrete structure: Difference between working stress and limit state philosophy analysis of RC beams and slabs in bending, shear, deflection, bond and end anchorage. Design of axially loaded columns, isolated and combined footings, and introduction pre-stressed concrete.
   - 1.4. Steel and timber structures; standard and built-up sections, design of riveted, bolted and welded connections, design of simple elements such as ties, struts, axially loaded and eccentric columns, column bases, design principles on timber beams and columns.
2. Construction Materials
   - 2.1. Properties of building materials: physical, chemical, constituents, thermal etc.
   - 2.2. Stones-characteristics and requirements of stones as a building materials.
   - 2.3. Ceramic materials: Ceramic tiles , Mosaic tile brick type and testing etc.
   - 2.4. Cementing materials: type and properties of lime and cement, cement mortar tests
   - 2.5. Metals, Steel, types and properties, Alloys
   - 2.6. Timber and wool timber trees in Nepal ,types and properties of wood
   - 2.7. Miscellaneous materials: Asphaltic materials(Asphalt, Bitumen and Tar), paints and varnishes, polymers
   - 2.8. Soil properties and its parameters
3. Concrete technology
   - 3.1. Constituents and properties of concrete(physical and chemical)
   - 3.2. Water cement ratio
   - 3.3. Grade and strength of concrete, concrete mix design, testing of concrete
   - 3.4. Mixing, transporting pouring and curing of concrete
   - 3.5. Admixtures
   - 3.6. High strength concrete
   - 3.7. Pre-stressed concrete technology
4. Construction management
   - 4.1. Construction scheduling and planning, network techniques(CPM,PERT)and bar charts
   - 4.2. Contractual procedure and management: types of contract, tender and tender notice ,preparation of bidding(tender) , document, contractors pre-qualification, evaluations of tenders and selection of contractor, contract acceptance, condition of contract, quotation and direct order, classification of contractors, dispute resolution, cluster roll .
   - 4.3. Materials management procurement procedures and materials handling
   - 4.4. Cost control and quality control
   - 4.5. Project maintenance
   - 4.6. Occupational health and safety
   - 4.7. Project monitoring and evaluation

4.8. Quality assurance plan
4.9. Variation, alteration and omission

## 5. Estimating and costing valuation and specification

5.1. Type of estimation and their specific uses
5.2. Methods of calculating quantities
5.3. Key components of estimating norms and rate analysis
5.4. Preparations of bills of quantities
5.5. Purpose, type and important of speciation
5.6. Purpose, principles and methods of valuation

## 6. Drawing technique

6.1. Drawing sheet composition and its essential components.
6.2. Suitable scale, site plans, preliminary drawings, working drawing etc.
6.3. Theory of projection drawing perspective, orthographic and axonometric projection, first and third angle projection.
6.4. Drafting tools and equipments.
6.5. Drafting conventions and symbols.
6.6. Topographic, electrical, plumbing and structural drawings.
6.7. Techniques of free hand drawing

## 7. Engineering survey

7.1. Introduction and basic principles
7.2. Linear measurement: technique chain, tape, ranging, rods and arrows representation of measurement and common scale, sources of errors effect of slope and slope correction ,correction for chain and tape managements, abney level and clintometer.
7.3. Compass and plane table surveying: bearing, types of compass, problems and success of errors of compass survey, principles and method of plane tabling.
7.4. Leveling and contouring: principle of leveling, temporary and permanent adjustment of level, bench marks, booking methods and their reduction, longitudinal and cross sectioning, reciprocal leveling, trigonometric leveling , contour interval, and characteristics of contour, method of contouring .
7.5. Theodolite traversing: need of traverse and its significant, computation of coordinates, adjustment of closed traverse, closing errors.
7.6. Use of total station and Electronic Distance Measurement Instrument.

## 8. Engineering Economics

8.1 Benefit cost analysis ,cost classification, sensitivity analysis internal rate of returns ,time value of money, economic equilibrium, demand, supply and production, net present value financial and economic evaluation .

## 9. Professional practices

9.1. Ethics and professionalism code of conduct and guidelines for professionals engineering practices
9.2. Nepal Engineering Council Act, 2055 and regulation, 2056
9.3. Relation with client, contractor and fellow professionals.
9.4. Public procurement practices for works good and service and its importance.

## 10. Transportation and bridge

10.1. Transportation system and its classification
10.2. Transportation planning: rationale, types and its philosophy.
10.3. Road transport and road construction in Nepal
10.4. Classification of roads in Nepal (NRS and IRC)
10.5. General principal of road network planning

10.6. Feasibility study of road projects.
10.7. Alignment, engineering survey and its stages.
10.8. Geometric design of road : map study, element of cross-section and highway alignment ,design of horizontal curve ,super elevation, transition curve, vertical curves ,right of way
10.9. Draining consideration in roads;
10.9.1. Introduction and design of culverts and minor bridge ,cross drainage structure ,subsurface drainage system
10.10. Special consideration in Hill roads design
10.10.1. Problems association in hill roads, construction
10.10.2. Route location, hairpin bends and special structure
10.11. Road pavement :types of pavement and their applicability in hills road, design of pavement
10.12. Bioengineering practices along hill side
10.13. Activities and techniques in road construction in rural roads
10.14. Maintenance, repair and rehabilitation of road
10.15. Basic knowledge of design ,construction and maintenance of suspended and suspension bridge in Nepal
10.16. Role of social mobilization in rural road development
10.17. Low cost road construction

## 11. Water supply and sanitary

11.1. Rural and community based water supply system
11.2. Water supply sources and their management
11.2.1. Surface water
11.2.2. Ground water
11.3. Selection of sources
11.4. Water quality and treatment ,water demand and supply ,source protection.
11.5. Intakes, collection chambering and break pressure tanks.
11.6. Reservoir distribution system .
11.7. Intakes, pipeline design of transmission and distribution system, reservoir design.
11.8. Pipe and fittings :pipe materials pipe laying and fitting
11.9. Operation and maintenance of water supply systems.
11.10. Sanitation , wastewater and solid waste management:
11.10.1. On-site sanitation system.
11.10.2. Types of sewerage system design and construction of sewers
11.10.3. Types ,characters, sources , quantity, generation, collection, transportation, and disposal of solid wastes
11.10.4. Sanitary landfill, incineration, composting
11.11. Environmental health engineeering-Epidemology, pathogens(Bacteria, Virus, Helminthes, Protozoa).

## 12. Energy system

12.1. Hydrological study, planning and design of small hydropower project.
12.2. Head work, dams, spillways, surge tank, stilling basin etc.
12.3. River diversion works.
12.4. Biogas-introduction.
12.5. Alternative energy system in Nepal

## 13. Irrigation and river training works

13.1. Status of irrigation development in Nepal
13.2. Methods of irrigation and their suitability
13.3. Design of irrigation channels
13.4. Operation and maintenance of irrigation system

13.5. Management of farmers managed irrigation system
13.6. Preventive and remedial measure of water logging
13.7. Flood control, its necessity and flood mitigation measure
13.8. River training works
13.9. Specific consideration in design, operation and management of hill irrigation system

## 14. Housing, building and urban planning

14.1. Present status and practice of building construction in Nepal
14.2. Special consideration in design and construction of buildings in Nepal
14.3. Indigenous technology in building design and construction
14.4. Local and modern building construction management in Nepal
14.5. Community buildings : school and hospital building and their design considerations
14.6. Urban planning needs and challenges in Nepal

## 15. Technology, Environment and civil society

15.1. Technological development in Nepal
15.2. Promotion of local technology and its adaption
15.3. Environmental Impact Assessment ,initial-environmental examination, Global-warming phenomena
15.4. Types of sources of pollution : non point \non-point (for air and water )
15.5. Social mobilization in local infrastructure development and utilization in Nepal
15.6. Participatory approach in planning implementation, maintenance and operation of local infrastructure.

## 16. Monitoring and Evaluation

16.1. Concept of Monitoring and Evaluation
16.2. Indicator of Monitoring and Evaluation
16.3. Concept and Application of Logical Framework
16.4. Method of Evaluation (Desk Monitoring, Third Party Monitoring, etc.)
16.5. Monitoring and Evaluation report, analysis and feedback as per National Planning Commission Guidelines.
16.6. Impact Evaluation
16.7. Government's Budget Planning and Budget Decision Process
16.8. Local Self-Governance Act and Regulation
16.9. Border Area Development Operation Guideline, 2072 (with amendments)

अनुसूची -३

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# सीमाक्षेत्र विकास कार्यक्रम

सिंहदरबार, काठमाडौं

**प्रान्तीय अनुगमन तथा मुल्यांकन विज्ञ (ईन्जिनियर)**
**परामर्श सेवाको लागि दरखास्त फाराम र प्रवेशपत्र**

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

**(क) परामर्शदाताको वैयक्तिक विवरण :**

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरिकमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्ग : |
| | नागरिकता नं. : | | जारी गर्ने जिल्ला : | मिति : |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा. /गा.वि.स. | ग) वडा नं | |
| | घ) टोल : | ङ) मार्ग/घर नं. : | च) फो नं. | |
| पत्राचार गर्ने ठेगाना : | | | ईमेल | |
| बाबुको नाम, थर : | | जन्म मिति : (वि.सं. मा) (ईस्वि सन्मा) | | |
| बाजेको नाम, थर : | | | हालको उमेर : वर्ष महिना | |

**(ख) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)**

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

**(ग) अनुभव सम्बन्धी विवरण**

| कार्यालय | पद | सेवा/समूह/उपसमूह | श्रेणी/तह | स्थायी/अस्थायी/करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु । उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु । साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा ३ महिनाको पूर्व सूचना दिई मन्त्रालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | उम्मेदवारको दस्तखत<br>मिति : |

| कार्यक्रमको कर्मचारीले भर्ने | | |
|---|---|---|
| रसिद/भौचर नं. : | रोल नं. : | |
| दरखास्त अस्वीकृत भए सो को कारण : | | |
| दरखास्त रुजु गर्नेको दस्तखत<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मिति : | |

द्रष्टव्य : दरखास्त साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपि)

# अनुसूची -३

### *उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–*

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।
४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ ।
५. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन ।
६. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षाहलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।
७. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा मन्त्रालयमा जवाफदेही हुने छैन ।
८. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।
९. मन्त्रालयको सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।
१०. परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।
११. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामासम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय
विकास मन्त्रालय
**सीमाक्षेत्र विकास कार्यक्रम**
**प्रवेशपत्र**

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

परीक्षार्थीले भर्ने :

| | |
|---|---|
| छ) उम्मेदवारको | नाम, थर : |
| | दस्तखत : |

मन्त्रालयको कर्मचारीले भर्ने :-

यस मन्त्रालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्र :

रोल नम्बर :

...............................
(अधिकृतको दस्तखत)

द्रष्टव्य : १) कृपया उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु हेर्नु होला ।

---

### *उम्मेदवारले पालन गर्नुपर्ने नियमहरु :–*

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ । प्रवेशपत्र विना परीक्षामा बस्न पाइने छैन ।
२. परीक्षा हलमा मोबाइल फोन ल्याउन पाइने छैन ।
३. लिखित परीक्षाको नतिजा प्रकाशित भएपछि अन्तर्वार्ता हुने दिनमा पनि प्रवेशपत्र ल्याउनु अनिवार्य छ ।
४. परीक्षा शुरु हुनु भन्दा ३० मिनेट अगाडि घण्टीद्वारा सूचना गरेपछि परीक्षा हलमा प्रवेश गर्न दिइनेछ ।
५. परीक्षा हलमा प्रवेश गरे पछि किताब, कापी, कागज, चिट आदि आफू साथ राख्नु हुँदैन ।
६. परीक्षा हलमा उम्मेदवारले परीक्षाको मर्यादा विपरीत कुनै काम गरेमा केन्द्राध्यक्षले परीक्षाहलबाट निष्काशन गरी तुरुन्त कानून बमोजिमको कारबाही गर्नेछ र त्यसरी निष्काशन गरिएको उम्मेदवारको सो विज्ञापनको परीक्षा स्वतः रद्द भएको मानिने छ ।
७. बिरामी भएको उम्मेदवारले परीक्षा हलमा प्रवेश गरी परीक्षा दिने क्रममा निजलाई केही भएमा मन्त्रालयमा जवाफदेही हुने छैन ।
८. उम्मेदवारले परीक्षा दिएको दिनमा हाजिर अनिवार्य रुपले गर्नु पर्नेछ ।
९. मन्त्रालयको सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ ।
१०. परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन ।
११. कुनै उम्मेदवारले प्रश्नपत्रमा रहको अस्पष्टताको सम्बन्धमा सोध्नु पर्दा पनि परीक्षामा सम्मिलित अन्य उम्मेदवारहरुलाई वाधा नपर्ने गरी निरीक्षकलाई सोध्नु पर्नेछ ।

नेपाल सरकार
संघीय मामिला तथा स्थानीय
विकास मन्त्रालय
**सीमाक्षेत्र विकास कार्यक्रम**
**प्रवेशपत्र**

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने

परीक्षार्थीले भर्ने :

| | |
|---|---|
| छ) उम्मेदवारको | नाम, थर : |
| | दस्तखत : |

मन्त्रालयको कर्मचारीले भर्ने :-

यस मन्त्रालयबाट लिइने उक्त पदको परीक्षामा तपाईलाई निम्न केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ । विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्द हुनेछ ।

परीक्षा केन्द्र :

रोल नम्बर :

...............................
(अधिकृतको दस्तखत)

द्रष्टव्य: कृपया उम्मेदवारले पालना गर्नुपर्ने नियमहरु हेर्नु होला ।